# समाचार सन्देश

वर्ष १९, अङ्क ९ आई.पी.एस्. लेख रचनाको सँगालो, असार २-१६, २०६७ (जुन १६-३०, २०१०)

# युरोपेली आर्थिक सङ्कटले चिनीया उद्यमीलाई अवसर

– एन्टोनेटा बेकर

लन्डन (आई.पी.एस्./एन्.पी.आई.) – चीनले साङ्घाइमा युनिभर्सल एक्स्पो-२०१० लाई नयाँसार्वजनिक कुटनीतिका रूपमा प्रस्तुत गरिरहँदा मन्दीको चपेटामा परेको युरोपेली अर्थतन्त्रका निम्ति यसले चुम्बकको रूपमा महत्वपूर्ण भूमिका खेल्नेछ भन्ने चीनले सायदै कल्पना गरेको थियो ।

युरोपबाट व्यापारिक टोलीहरू विगत दुई महिनादेखि एकपछि अर्को गर्दै साङ्घाइ पुगेर चिनीया लगानीकर्तालाई आफ्नो खस्कदो अर्थतन्त्रलाई उकास्ने ध्येयले लोभ्याइरहेका छन् । बेल्जियमको व्यापारिक प्रतिनिधिमण्डल सबैभन्दा पहिला चीनको भ्रमणमा निस्केको थियो । उनीहरूले आफ्नो सङ्कटापन्न कार निर्माता ओपल आन्टवर्पलाई समावेश गराउन चिनीया कार निर्माता गिलीको विश्वास जित्ने कोसिस गरेका थिए ।

त्यसपछि ग्रीसका अर्थमन्त्री लाउका काट्सेलीले चिनीया प्रदर्शनीको मौका छोपी ग्रीसको ऋणग्रस्त अर्थव्यवस्थालाई उकास्ने अभिप्रायले अर्बौं डलर लगानी गर्नसक्ने भन्दै चिनीया कम्पनीलाई आह्वान गरेका थिए । यसअघि, रोमानियाका व्यापारिक दूतले चिनीया बैंकर र लगानीकर्तासँग विभिन्न आयोजनाका निम्ति चिनीया कम्पनीलाई खुला गरिएको भन्दै चिनीया लगानी बढाउन आग्रह गरेका थिए । यस लगानीबाट रोमानियाका सङ्घर्षरत उद्योगले पुनर्जीवन प्राप्त गर्ने अपेक्षा गरिएको थियो ।

"चीनले ग्रीसमा ठूलै लगानी गर्ने इच्छा पहिले देखाएको भए ग्रीकका राजनीतिक नेताहरू र आमजनताले अस्वीकृत गर्ने थिए, उनीहरूले स्तरीयताको प्रसङ्ग उठाएर खारेज गर्ने थिए तर ऋणको सङ्कटका कारण परिस्थिति अहिले बदलिएको छ," बेइजिङ विश्वविद्यालयको राष्ट्रिय विकास स्कुलका अनुसन्धाता लु फेङ बताउँछन् । "युरोपेली सङ्कटले चिनीया लगानीकर्ताका निम्ति निश्चितरूपमा अवसर जुटाएको छ ।"

बेइजिङको प्रतिक्रिया चाँडै र दृढरूपमा आएको छ । चीनका उपप्रधानमन्त्री झाङ देजियाङले अघिल्लो महिना एथेन्स भ्रमणका क्रममा अर्बौं डलरका युरोका १४ वटा परियोजना निर्माणका निम्ति हस्ताक्षर गरेका थिए । युरोपमा चीनको सबैभन्दा ठूलो यस लगानी प्याकेज अन्तर्गत महत्वपूर्ण दूरसञ्चार, रियलस्टेट र सिपिङ संस्थामा उल्लेखनीय साझेदारी लगानी रहेका छन् ।

क्रेडिट रेटिङ एजेन्सीले ग्रीकका बन्डको हालत निक्कै तल रहेको अवस्थामा चीनका तर्फबाट आक्रामक लगानीको प्रस्ताव आएको छ । तथापि, वाणिज्यमन्त्री चेन देमिङले बेइजिङले ग्रीसमा लगानी बढाउन चिनीया कम्पनीलाई प्रोत्साहित गरिने बताए ।

चीनको शक्तिशाली सिपिङ समूह कोस्कोले ग्रीककै सबैभन्दा ठूलो पिरास बन्दरगाहमा नयाँ कन्टेनर टर्मिनल निर्माण गर्नेतर्फ अघि

**अनुरोध**

**'समाचार सन्देश' का सामग्री पुनः प्रकाशन/प्रसारणका लागि तयार पारिएका हुन् ।**

**हामी सबै क्षेत्रबाट रचनात्मक सुझाव, सल्लाह र प्रतिक्रियाको अपेक्षा गर्दछौं ।**

**– सम्पादक**

बढ्ने वचनबद्धता व्यक्त गरेको छ। त्यस कम्पनीले चिनीया सामाग्रीको युरोपेली बजारमा सहज पहुँचका निम्ति पिरासलाई क्षेत्रीय केन्द्रविन्दु बनाउने अभिप्राय राखेको छ।

"यो हाम्रातर्फबाट रणनीतिक लगानी हो र ऋणको सङ्कटले योजना निर्माणमा असर पार्ने छैन," कोस्कोका अध्यक्ष वाई जियाउफुले एक्काइसौं शताब्दी बिजनेस हेराल्ड समाचारपत्रलाई बताए। युरोपेली सङ्कटका कारण संरक्षणवादी भावना युरोपका केही मुलुकमा देखापर्दछ भन्ने अनुमान यसपटक सही सावित हुन सकेन। युरोपेली युनियनको सदस्य राष्ट्रको रूपमा चिनीया रकम आफ्नो मुलुक भित्र्याउने चाहना राख्ने ग्रीस मात्र एक्लो राष्ट्र होइन। आयरल्याण्डका व्यापारिक समुदायले मध्य आयरल्याण्डको एथ्लोनमा ५ करोड युरोको चिनीया उत्पादन केन्द्रका निम्ति लगानी भित्र्याउन स्वीकृतिको प्रक्रियामा रहेको बताइएको छ।

एथ्लोन परियोजनामा चिनीया लगानीकर्ताका निम्ति धेरैवटा आकर्षक प्रस्ताव गरिएको छ। युरोक्षेत्रभित्रको यस उत्पादन केन्द्रले चिनीया आयातित सामाग्रीका निम्ति युरोपेली युनियनका तर्फबाट लगाइदै आएका धेरै किसिमका कर र कोटा छुट प्राप्त गर्नेछ। साथै, विकसित संरचनागत सञ्जाल स्थापित हुने र न्यून कर्पोरेट करका दरहरू यहाँ कायम हुनेछन्।

ऋणको सङ्कटले युरोको मूल्य घटेको छ र यसले युरोक्षेत्रमा भएको निर्यात समेत महंगो भएको छ। यस्तो अवस्थामा लगानीकर्ताका निम्ति केही लाभ प्राप्त हुनेछ। "युरोको गिरावटले युरोपमा व्यापारिक सञ्चालनको लागतमा कमी ल्याएको छ र चिनीया व्यापारिक वर्गका निम्ति चीनमा लगानी बढाउनु बढी आकर्षक भएको छ," साङ्घाइ विश्वविद्यालयका प्रोफेसर झाऊ जिझोङले बताए।

सङ्कट आउनुअघि चीनले युरोपेली मुलुकहरूमा केहीमात्र लगानी गरेको थियो। "चिनीयाहरू यहाँको व्यापारिक वातावरणबाट तर्सेका थिए, उनीहरू विभिन्न किसिमका नियामक प्रक्रियासँग त्यति अभ्यस्त पनि थिएनन्," ब्रसेल्सस्थित समकालीन चीन अध्ययन इन्स्टिच्यूटका बरिष्ट अनुसन्धाता डन्कन फ्रिम्यानले बताउँछन्। "विगतमा फ्रान्सेली टम्सन इलेक्ट्रोनिक्स फर्मको टिसिएल लिएको चीनसँग सो कम्पनी टाटपल्टेको तितो अनुभव छ।"

निजी चिनीया व्यापार युरोपेली बजारमा प्रवेश गर्दा लजालु प्रवृत्तिको थियो र उनीहरू ठूला आर्थिक संस्थाको आडभरोसामा प्रवेश गर्न रुचाउँथे। ह्याम्बर्गसँगको साङ्घाइ आर्थिक साझेदारी केही ठूलो परिमाणमा युरोपमा चिनीया लगानीका केही सफल दृष्टान्त हुन्। युरोपमा चिनीया कम्पनीको सम्मिलन विश्वव्यापीरूपमा चिनीया लगानीको वृद्धिसँगै यसको अनुपातमा प्रगति भइरहेको छ। सन् २०१० मा विदेशी कम्पनीमा चिनीया लगानी स्रोतसाधनका क्षेत्रमा ठूला खरिदारीमार्फत् ३५ अर्ब डलरभन्दा माथि पुग्ने अनुमान गरिएको छ।

मार्चमा १३ वर्ष पुरानो चिनीया कार निर्माता गिलीले फोर्डको सङ्कटग्रस्त भोल्भो उत्पादन युनिटलाई झण्डै १ अर्ब ८० करोड डलर बुझाएको थियो। चिनीया कम्पनीले विदेशी कार निर्माताका निम्ति गरेको यो सबैभन्दा ठूलो लगानी थियो र यसबापत् चीनले पहिलोपटक प्रमुख आरामदायी कारको ब्रान्ड हासिल गरेको थियो।

भोल्भोको मातृभूमि स्वीडेनमा भने सञ्चार माध्यमले युरोपेली मुलुकको पहिचानको रूपमा रहेका यस्ता क्षेत्रमा चिनीया हस्तक्षेप बढेको टिप्पणी गरेका छन्। तथापि, यस टिप्पणीले बेल्जियममा ओपल आन्टवर्पलाई बचाउन चिनीया लगानी भित्र्याउने अभियानलाई रोक्न भने सकेन।

चिनीया टिप्पणीकर्ताले निरासाजनक अवस्थामा पुगेको युरोपेली बजारमा स्थिर मुद्रा प्रवाहलाई सकारात्मक रूपमा लिएका छन्। उनीहरूको विचारमा चीनले युरोपलाई मद्दत गरेर जिम्मेवार विश्वव्यापी खेलाडीको रूपमा आफूलाई प्रस्तुत गरेको छ। चीनले युरोपेली सामाग्रीको उपभोगलाई बढावा दिएर थप मद्दत गरेको छ।

युरोक्षेत्रमा देखिएको गिरावटले चीनमा युरोपेली सामाग्री सस्तिएको छ, र युरोपबाट चीनतर्फको निकासी बढेको छ। २०१० को पहिलो चौमासिकमा युरोपबाट चीनतर्फको निकासी ४७.३ प्रतिशतले वृद्धि भएको छ, र विगतमा चीनबाट युरोपमा हुने गरेको बढ्दो निकासीमा यसपटक ठ्याक्कै उल्टो कार्य भएको छ।

"युरोपमा सङ्कटको पटाक्षेप भएपछि हामी त्यतिकै बसेका छैनौं," लु फेङ बताउँछन्। "हामीले अझ बढी कार जर्मनीबाट खरिद गरेका छौं र युरोपका अन्य मुलुकबाट बढी सामान झिकाएका छौं। हामीले युरोपका निम्ति जरुरी देखिएको माग सिर्जना गरेका छौं।"

# पक्राउ पर्ने त्रासमा मलेसियामा आश्रित शरणार्थी

– बरदान कुप्पुसामी

क्वालालम्पुर (**आई.पी.एस्./एन्.पी.आई.**) – ब्रिकफिल्ड्सको अस्थायी छाप्रोमा २७ वर्षीय राजु चिया बनाएर बेच्छन् । राजधानीको अति उपेक्षित यो स्थानमा श्रीलङ्काबाट आएका सयौं तामिल आप्रवासीले अड्डा जमाएका छन् । उनको अनुहारमा कुनै किसिमको पिरलो र कुनै कुराको रहर छैन ।

उनी युद्धले थलिएको श्रीलङ्काको आफ्नो गाउँमा फर्कने सपना देखिरहेका छन् । उनको गाउँ लिबरेसन टाइगर्स अफ तालिम इलम (एलटिटिई) द्वारा सरकारका विरुद्ध सञ्चालित दशकौं लामो रक्तपातपूर्ण सशस्त्र युद्धबाट ध्वस्त पारिएको थियो । उनीहरू मुलुकको उत्तर-पूर्वी तटीय क्षेत्रमा रहेका सबैभन्दा ठूलो अल्पसंख्यक जाति हुन् ।

एलटिटिईलाई अन्ततः मे २००९ मा श्रीलङ्काली सेनाले पराजित गरेको थियो । युद्ध समाप्त भए पनि राजु आफ्नो मुलुक फर्कन तर्सिरहेका छन् । "मेरो गाउँ समाप्त भइसकेको छ र मेरा नातेदार पनि मरिसकेका वा शिविरमा रहेका छन्," उनी भन्छन्, "युद्धको चरम अवस्थामा मैले श्रीमती र छोरालाई काकाको जिम्मा लगाएर दक्षिणी भारततर्फ समुद्रीमार्ग हुँदै भागेको थिएँ र त्यहाँबाट मलेसिया आइपुगें ।"

मलेसियामा हाल बसोबास गर्दै आएका करिब १००,००० शरणार्थीमध्येका राजु एक हुन् तर उनीहरू पिपल्स भोलेन्टियर कर्प्स (रेला) नामको अर्धसैनिक समूहद्वारा पक्राउ हुने भयबाट ग्रस्त छन् । रेलालाई शरणार्थी र कागजात नहुने आप्रवासी कामदारलाई पक्राउ गर्ने अधिकार दिइएको छ र उनीहरूले ती पक्राउ परेका व्यक्तिलाई कारागारमा पठाउने वा सम्बन्धित मुलुकतर्फ फर्काउने गर्दछन् ।

रेलाका सदस्यले पक्राउ गर्ने कुराबाट त्रसित बनेर आफ्नो वास्तविक नाम भन्न अस्वीकार गर्ने राजुले आफूसँग शरणार्थी सम्बन्धी राष्ट्रसङ्घीय उच्चायुक्त (युएनएचसिआर) बाट परिचयपत्र पाएको बताउँछन् । "तर, यहाँका अधिकारीहरूले शरणार्थीलाई सम्मान गरिरहेका छैनन्," उनले आईपीएसलाई बताए । युएनएचसिआरको परिचयपत्रले उनीजस्ता शरणार्थीलाई आश्रित मुलुकभित्र घुमफिरको स्वतन्त्रताजस्ता आधारभूत अधिकार प्राप्त गराउँछ ।

युद्ध समाप्त भए पनि राजुजस्ता पूर्व श्रीलङ्काली शरणार्थीलाई उनीहरूका मुलुकमा पुनर्वास गराउनु ठूलै कुरा हो, विपक्षी सांसद् एवम् मानवअधिकारकर्मी कुलसेगरान मुरुगेसन बताउँछन् । तामिल पुर्खा रहेका उनले

मलेसियामा रहेका तामिल शरणार्थीको अवस्थामा सुधार ल्याउन मलेसियाली संसदमा निरन्तर अभियान सञ्चालन गरिरहेका छन्।

मलेसियाको कानुन मुताबिक शरणार्थीलाई श्रम गर्न दिइन्न तर युएनएचसिआरले मासिकरूपमा उपलब्ध गराउने ३०० रिगिंट (करिब ९३ अमेरिकी डलर) लाई भरथेग गर्न कुनै पनि परिस्थितिमा काम गर्नैपर्ने हुन्छ, मुरुगेसन बताउँछन्।

मलेसियाले शरणार्थीको स्थिति सम्बन्धी सन् १९५१ को महासन्धी र यसको १९६७ को इच्छाधीन आलेखलाई स्वीकार गरेको छैन। महासन्धी अन्तर्राष्ट्रिय सम्झौता पनि हो जसले शरणार्थी को हो भनेर परिभाषित गर्नुका साथै शरणार्थीको अधिकार स्थापित गराउने र राज्यपक्षको कानुनी दायित्वलाई समेटेको छ।

सरकारले मानवीयरूपमा शरणार्थीका सवाललाई सम्बोधन गर्न युएनएचसिआरसँग सहकार्य गर्न स्वीकार गरेको भए पनि मलेसियाली अधिकारीले शरणार्थी र आर्थिक आप्रवासीलाई विभेद गरेर हेर्दैनन्, मुरुगेसन बताउँछन्। गरिब मुलुकबाट आएका तर कागजात भएका र नभएका यस्ता आप्रवासी मलेसियामा करिब ३० लाख रहेका छन्।

"मलेसिया शरणार्थीका निम्ति डरलाग्दो ठाउँ हो किनभने उनीहरूमाथि पटकपटक दुर्व्यवहार गरिने, पक्राउ गर्ने र अपराधीजस्तै व्यवहार गरिने चलन छ," मलेसियाली बार काउन्सिलका सभापति रगुनाथ केसवनले आईपीएससँग भने। "शरणार्थी र आश्रयको खोजी गर्नेहरू खासगरी महिला र बालबालिका पक्राउ, थुना र फिर्ता पठाइने जोखिममा रहेका छन्। केही अवस्थामा उनीहरूलाई फिर्ता पठाउने नाममा बेचबिखन समेत गरिने अवस्था देखिएको छ।" यस धारणालाई अन्तर र्राष्ट्रिय मानव अधिकार समूह एम्नेस्टी इन्टरनेसनलले समेत पुष्टि गरेको छ। सुविधा र संरक्षणको सट्टा मलेसियामा आश्रित शरणार्थीले "दुर्व्यवहार, शोषण, गिरफ्तारी र थुना" को सजाय पाइरहेका छन्, एम्नेस्टीको यसै महिना जारी गरिएको प्रतिवेदनमा भनिएको छ।

"शरणार्थीलाई दुर्व्यवहार गर्नु र राष्ट्रसङ्घीय शरणार्थी इच्छाधीन आलेखमा हस्ताक्षर गर्न अस्वीकार गर्नु लाजमर्दो कुरा हो," सुपरिचित वकिल एवम् अधिकारकर्मी सुरेन्द्रन नागालिङ्गमले बताए। "हाम्रो मानव अधिकार रेकर्ड यस क्षेत्रका अन्य मुलुकको दाँजोमा खेदजनक छ।"

मुरुगेसन मलेसियाले शरणार्थी सम्बन्धी अभिसन्धी र इच्छाधीन आलेखमा सहजै हस्ताक्षर गर्ने परिस्थितिमा नरहेको बताउँछन्। धेरै व्यक्तिले सहजै शरणार्थीको रूपमा दाबी गर्ने र मलेसिया आप्रवासीले ढाक्ने त्रासमा रहेको छ। इन्डोनेसियाको आचे प्रान्तमा भएको चरम द्वन्द्वका क्रममा त्यहाँबाट भागेर धेरै मानिस मलेसिया प्रवेश गरेका थिए।

तर आचेको द्वन्द्व छिमेकी इन्डोनेसियामा समाप्त भइसकेको छ, उनी भन्छन्। "अब शरणार्थीको रूपमा मानिसहरू प्रवेश गर्लान् भन्ने अवस्था छैन," उनी थप्छन्। "हामीले ती इच्छाधीन आलेखमा हस्ताक्षर गर्नुपर्दछ र हामीले विश्वका जिम्मेवार नागरिकको रूपमा भूमिका खेल्नुपर्दछ," उनी भन्छन्। अन्यथा, "मध्यपूर्वजस्ता अन्य स्थानमा भएका दुर्व्यवहारका सम्बन्धमा हामीले बोल्ने अधिकार समेत गुमाउनेछौं।"

मलेसियामा सुरक्षाको खोजीमा रहेका शरणार्थीहरू युद्धबाट क्षतिग्रस्त भएका सोमालिया, इराक र अफगानिस्तानबाट समेत आएका छन्। बहुसंख्यक शरणार्थी सैनिक-शासित बर्माबाट प्रवेश गरेका छन्। उनीहरूको मलेसिया प्रवेशपछि बोली बन्द हुने गर्दछ किनभने सरकारले उनीहरूलाई पहिचान दिन अस्वीकृत गर्दछ।

मलेसियामा शरणार्थीका निम्ति कानुनी वैधताको कमीको मतलब नै उनीहरूलाई पाँचवर्षसम्म जेलसजाय गर्न सकिन्छ र मलेसियामा गैरकानुनी तवरबाट प्रवेश गरेको भन्दै कुटपिट गरिन्छ, एम्नेस्टीले भनेको छ। अन्तर्राष्ट्रिय सन्धीका प्रावधानअनुरूप शरणार्थीको अधिकार उल्लङ्घन गरेको आलोचना खेपिरहेको मलेसियाले विदेशमा पुनर्वास हुनुअघि उनीहरूलाई सीमाक्षेत्रमा काम गर्न दिनेतर्फ विचार गरिरहेको घोषणा गरेको छ।

तर गृहमन्त्रालयका बरिष्ठ अधिकारीले आफ्नो नाम नबताउने शर्तमा आईपीएसलाई यी कार्यक्रमहरू अझै योजनाकै चरणमा रहेको बताए। "सरकारले यो नीति कार्यान्वयनका लागि सङ्केत गरेको छैन," उनले भने। यस्तो अवस्था सिर्जना नगर्दासम्म राजु र उनीजस्तै अन्य शरणार्थीले पक्राउ पर्ने निरन्तरको त्रासबाट बाँच्नु पर्नेछ।

# कोलम्बियामा लागूपदार्थ तस्करले फुटबलको उपयोग गर्दैछन्

– हेल्डा मार्टिनेज

कोलम्बिया (**आई.पी.एस्./एन्.पी.आई.**) – कोलम्बियाको अत्यधिक लोकप्रिय फुटबल खेल सन् १९७० को मध्यदेखि लागूपदार्थबाट धेरै नै दबाबमा रहेको छ । एउटा नयाँ अध्ययनले अवैध व्यापारले यस खेलका माथिल्लो तप्काका सबैजसोमाथि धब्बा लगाइरहेको देखाएको छ । यस धब्बा लागेको तीनदशकको कालखण्डमा यो पटाक्षेप भइसकेको छ। कोलम्बियाका १८ वटा प्रथमश्रेणीका क्लबमध्ये बोगोटास्थित इन्डिपेन्डेन्ट सान्ता फे नामको क्लबले डेढ अर्ब डलर मुद्रा निर्मलीकरण गरेका कारण कानुनी कारवाही भोगिरहेको छ ।

पछिल्ला महिनामा भइरहेका अनुसन्धानका क्रममा ब्युनर्सआयर्स, बोगोटा, मियामी र मध्य कोलम्बियाली सहर पुर्टोगेटानबाट पाँचजनालाई पक्राउ गरिएको छ । उनीहरूमध्ये राष्ट्रिय महान्यायाधिवक्ताको कार्यालयलाई मद्दत गर्ने प्राविधिक अनुसन्धान करपोरेसन (सिटिआई) आवद्ध दुईजना पूर्व सरकारी अधिकारी समेत रहेका छन् ।

लुइस काइसेडो र क्लाउडिओ सिल्भालाई अप्रिलमा “अपरेसन प्यासिफिक ब्यासिन” को अङ्गको रूपमा कारबाहीका क्रममा पक्राउ गरिएको थियो । काइसेडो ब्युनर्सआयर्समा तुलनात्मक रूपमा झिनो उपस्थितिका साथ बस्दै आएका थिए । उनी कोलम्बियाका लागूऔषधको अवैध कारोबारलाई नियन्त्रण गर्ने माथिल्लो तहका व्यक्तिभन्दा आफूलाई धेरै नै पृथक राख्थे ।

अर्जेन्टिनाबाट उनले अमेरिकाभर गैरकानुनी क्रियाकलापको सञ्जाल मार्फत कारोबार सञ्चालन गरेको र भेनेजुयलामा २००८ मा मारिएका लागूऔषधका हर्ताकर्ता विल्बर बारेलाका उत्तराधिकारीको रूपमा रहेका दाजुभाइ जाभियर र लुइस काल्लेसँग सम्पर्क राखेको अभियोग लागेको छ । सिल्भाले प्रमुख व्यक्तिको रूपमा सेवा पुऱ्याएका थिए । अधिकारीहरूले उनको नाम जोडिएका ११८ किसिमका वस्तु बरामद गरेका छन् ।

न्यायिक कार्यमा अवरोध पुऱ्याएको आरोपमा संयुक्तराज्य अमेरिकामा पक्राउ परेका व्यक्ति हुन् सुरक्षासम्बन्धी कोलम्बियाली प्रशासन विभाग (डिएएस) सँग सम्बन्ध पूर्व अधिकारी रिकार्डो भिल्लारागा । पोर्टोरिकोका गैरकानुनी लागूऔषधको तस्करीमा संलग्न रहेका फर्नान्डो मोन्टानेजलाई भाग्न सघाएको भन्दै उनीमाथि १९९४ मा आरोप दर्ता गरिएको थियो ।

महान्यायाधिवक्ताको कार्यालयले भिल्लारागासँग रकम धुलाइको मुद्दालाई जोडेको छ। उनका छोरा इन्डिपेन्डेन्ट सान्ता फेबाट फुटबल खेल्ने गर्दछन्। तर उनका प्रतिरक्षा वकिलले अमेरिकामा भएको गिरफ्तारी लागूऔषध तस्करीसँग सम्बन्धित नरहेको दाबी गरेका छन् ।

पक्राउ परेका अर्का व्यक्ति पनि डिएएससँग आवद्ध छन् : संगठनको सुरक्षा मामिला हेर्ने प्रमुख फ्राङ्लिन गेटान। पक्राउ परेका व्यक्तिमध्येका पाँचौं व्यक्ति प्रहरी क्याप्टेन कार्लोस फ्लोरेज हुन् जसले लागूऔषधका प्रमुख व्यक्तिहरूलाई सूचना पुऱ्याएको विश्वास गरिएको छ । न्यायाधिकारीको अर्को लक्ष्य जुलिओ अल्बर्टो लोजानो पिराकिभ रहेका छन्। उनी मेक्सिकोमा लुकेर बसेको आशंका गरिएको छ ।

उनीमाथि अमेरिकामा "लागूपदार्थ तस्करी र रकम धुलाइ" मा संलग्न रहेको आरोपमा २० वर्षको जेल सजाय सुनाइएको छ । यसैका कारण उनीमाथि इन्टरपोलको रेड कर्नर नोटिसमा समावेश गरिएको छ ।

लोजानोले इन्डिपेन्डन्ट सान्ता फेलाई लगानीको भेषमा रकम उपलब्ध गराएको दोषारोपण गरिएको छ । अनुसन्धानले २००६ र २००८ को बीचमा यो लगानी २ करोड ५० लाख अमेरिकी डलर नाघिसकेको उद्धृत गरको छ ।

यस षडयन्त्रमा १९८५ सम्मका क्लबका पूर्व अध्यक्षहरू संलग्न रहेको संलग्न रहेका थिए । यसक्रममा हत्या गरिएका सेजार भिल्लेगास समेत रहेका छन् । उनीमाथि लागूपदार्थ सम्बद्ध रकम धुलाइ गरेको भन्दै सजाय गरि एको थियो । "प्रोसेसो ८०००" नाम दिइएको अभियानले कालो लागूपदार्थको कारोबार र पूर्व कोलम्बियाली राष्ट्रपति अर्नेस्टो साम्पर (१९९४-१९९८) बीचको सम्बन्धका विषयमा समेत अनुसन्धान गरेको थियो ।

क्लबको २००३ देखि २००७ सम्म नेतृत्व गरेका लुइस एडुआर्डो मेन्डेजमाथि समेत मोन्टानेजलाई भगाउन सहयोग गरेको आरोपमा ७० महिनाको जेलसजाय दिइएको छ। पुन: पक्राउ परेका मोन्टानेजले लागूपदार्थका तस्करबाट रकम लिएको स्वीकारेका छन् । फुटबल क्लबका वर्तमान अध्यक्ष सेजार पास्त्रानाले एउटा वक्तव्य जारी गर्दै लागूपदार्थको मुद्दामा संलग्न रहेको भनिएका कुनै पनि व्यक्तिको इन्डिपेन्डेन्ट सान्ता फेसँग सम्बन्ध नरहेको बताएका छन्। उनले आवश्यक परेमा सबै जानकारी उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गरेका छन् ।

लागूपदार्थ र फुटबलबीचको सम्बन्धले कोलम्बियामा धेरैवटा कानुनी अनुसन्धान समाधान हुन सकिरहेका छैनन्, फुटबल प्रशंसक एवम् डिजाइनर क्यामिलो अलेजान्द्रो गोन्जालेजले आईपीएसलाई बताए । अनुसन्धान पत्रकार फाबियो क्यास्टिल्लोले १९८७ मा "कोकिनका भरिया" शीर्षकमा एउटा समाचार प्रकाशित गरेका थिए जसले यी दुईबीच त्यसबखत सम्बन्ध रहेको छापेको थियो ।

"एट्लेटिको नासिओनाल नामको फुटबल क्लबमा प्रमुख सेयरहोल्डर हर्नान बोटेरो थिए, उनको क्लबले फुटबल खेल हार्दा अञ्जुलीभर अमेरिकी डलर रहेको उनको एउटा ठूलो तस्वीर त्यहाँ टाँगिएको थियो," क्यास्टिल्लोले लेखेका थिए । "सन् १९८० र ९० को दशकमा अधिकांश मानिसको आकांक्षा र नैतिकता डगमगाएको थियो । उनीहरू प्रसिद्ध फुटबल खेलाडी राखेर जित्नै पर्ने टोली बनाउन टोलीका व्यवस्थापकहरू चाहन्थे र लागूपदार्थको अवैध रकमबाट आएको पैसाबाट यस्तो भएको हो भन्ने कुरालाई उनीहरू या त ध्यान दिँदैनथे या लुकाउँथे," समाजशास्त्री फर्नान्डो मोरालेसले आईपीएसलाई बताए ।

"यो पाब्लो एस्कोबार (कुख्यात कोलम्बियाली लागूपदार्थका तस्कर र सन् १९९३ मा प्रहरीले हत्या गरेको थियो) लाई आदर्श व्यक्ति ठान्ने युग थियो किनभने उसले गरिबका निम्ति घर बनाइदिएको थियो र स्थानीय फुटबल टोलीलाई मद्दत गरेको थियो," मोरालेसले बताए । सन् १९८० र ९० को दशक पनि फुटबल खेलजगतमा राम्रै उपलब्धीको समय थियो । सन् १९८९ मा एट्लेटिको क्लबले लिबरेटर कप जितेको थियो भने १९९३ मा कोलम्बियाको राष्ट्रिय टोलीले १९९४ को फिफा विश्वकपको छनौट खेलमा दक्षिण अमेरिकी महाशक्ति राष्ट्र अर्जेन्टिनालाई ५-० गोल अन्तरले पराजित गरेको थियो । त्यो विजयलाई आजपर्यन्त कोलम्बियामा सम्झने गरिन्छ ।

कोलम्बियाली टोलीले फिफा विश्वकपमा १९९०, १९९४ र १९९८ मा खेलिसकेको छ । सन् १९९१ मा मेडेलिनस्थित ला क्याटेड्रल कारागारमा रहेको अवस्थामै पाब्लो एस्कोबारलाई राष्ट्रिय फुटबल टोलीका प्रमुख खेलाडी रेनी हिगुइटाले भेटेका थिए । सन् १९९४ मा फुटबल खेलाडी एन्द्रेस एस्कोबार (पाब्लोसँग कुनै सम्बन्ध नभएका) ले आत्मघाती गोल गरेको भन्दै मेडेल्लिनस्थित गृहनगरमा उनको हत्या गरिएको थियो । अमेरिकामा भएको विश्वकपमा सोही आत्मघाती गोलका कारण कोलम्बिया पराजित भएको थियो ।

"खेलमा बाजी खेल्नेहरूका निम्ति यस नतिजाले क्रुद्ध बनाएको थियो र यसमा लागूपदार्थ तस्करसँग निश्चितरूपमा सम्पर्क रहेको थियो," फुटबलका प्रशंसक गोन्जालेजले बताए ।

लोस मिलिओनारिसलाई समर्थन गर्ने गोन्जालेज क्लबका नयाँ अध्यक्ष योसे रोबर्टो आराङ्गोले क्लबको केही सेयर र ट्रेडमार्क बिक्रीका साथै वैधानिक रूपका नयाँ लगानीकर्ता भित्र्याएर क्लबलाई पुनर्जीवन दिने विश्वास व्यक्त गर्दछन् । "यही प्रक्रिया अमेरिका डि काली क्लबमा समेत देखिएको छ," उनले बताए ।

# कम्बोडियामा मानव बेखबिखन विरोधी अभियान समस्यामा

– इरवीन लोय

कोमपेन्ह (**आई.पी.एस्./एन्.पी.आई.**) – कम्बोडियालाई बर्बाद गर्ने धेरै किसिमका चिन्ताजनक प्रवृत्ति अझै जीवित छ र मानव बेचबिखन विरुद्धको लडाइमा पर्याप्त प्रगति गरेको भए पनि भविष्यका निम्ति अझै महत्वपूर्ण काम यथावत छ ।

कानुन कार्यान्वयन र दोषीमाथि कारवाही गर्नेतर्फ कम्बोडियाले राम्रै प्रगति गरेको भन्दै अमेरिकी विदेश मन्त्रालयले स्वागत गरेको थियो । यही महिनाको प्रारम्भमा प्रकाशित मन्त्रालयको प्रतिवेदनमा मानव बेचबिखन विरुद्ध राम्रो काम गर्न नसक्ने मुलुकको सूचीबाट कम्बोडियालाई हटाएको घोषणा गरेको थियो । "कम्बोडिया सरकारले यौन बेचबिखन विरुद्ध गतवर्ष कानुन कार्यान्वयनको प्रयासमा महत्वपूर्ण प्रगति देखाएको छ," प्रतिवेदनमा भनिएको छ ।

कम्बोडियालाई टायर-२ मुलुकको रूपमा ठहऱ्याइएको थियो । प्रतिवेदनमा शंकास्पद सूचीबाट कम्बोडियालाई हटाउनका निम्ति मानव बेचबिचखनमा आरोपित व्यक्तिमाथि कारबाही गर्न प्रतिबद्धता जनाएको बताइएको छ । प्रतिवेदन तयारी गर्ने वर्षमा दोषीउपर ३६ वटा सजाय सुनाइएका थिए जबकी २००८ मा ११ जना विरुद्ध मात्र सजाय दिइएको थियो ।

कम्बोडियाको गृहमन्त्रालयका मानव बेचबिखन विरुद्धको विभागका निर्देशक बिथ किमहोङले अमेरिकी सरकारले कम्बोडियालाई शंकास्पद सूचीबाट हटाएर न्याय गरेको प्रतिक्रिया दिएका छन् । "हामीले मानव बेचबिखन विरुद्धको लडाईंमा राम्रै प्रगति गरेका छौं," उनले बताए ।

यौन दुर्व्यवहारको शिकार भएका बालबालिकालाई मद्दत गरिरहेको एक्सन पार लेस इन्फान्ट (एपिएलई) का राष्ट्रिय निर्देशक सामलियाङ सेलाले सरकारी अधिकारीले समस्यासँग जुध्नका निम्ति राम्रो प्रतिबद्धता आएको बताउँछन् ।

"कम्बोडियाले बेचबिखन विरुद्ध राम्रो प्रगति गरिरहेको छ," उनले बताए । "गतवर्ष प्रहरीले पक्राउ गरेका र अनुसन्धान गरिएका व्यक्तिको संख्या बढेको देखिएको छ । यौन दुर्व्यवहारका आरोपितलाई बढी मात्रामा अदालतमा उपस्थित गराइएको छ ।"

तथापि, उनले बालबालिका विरुद्ध अपराध गर्नेहरूमाथि कारवाही चलाउन मुश्किल परिरहेको बताएका छन् । प्रहरी र न्यायिक अधिकारीबाट यदाकदा हुने दण्डहीनता र भ्रष्टाचारका कारण प्रगतिलाई बाधा दिने गरेको छ, अमेरिकी प्रतिवेदनमा भनिएको छ ।

बालबालिका, महिला र पुरुषहरू अझ पनि मुलुकभित्रै र कम्बोडियाका सीमावर्ती क्षेत्रमा बेचबिखनको जोखिममा पर्ने गरेका छन् ।

कमजोर न्यायिक पद्धति र प्रतिशोधको त्रासका कारण धेरैजसो पीडितहरू कानुनी पद्धतिमा भर गर्न सकिरहेका छैनन्, प्रतिवेदनमा अगाडि भनिएको छ । यी र यससँग सम्बन्धित चेतावनीका बाबजुद आलोचकहरूले अमेरिकी विदेश मन्त्रालयले कम्बोडियालाई मानव बेचबिखनको शंकास्पद सूचीबाट हटाइएकोमा आश्चर्य व्यक्त गरिरहेका छन् ।

कम्बोडियाली भ्रष्टाचारका विषयमा पटकपटक आलोचना गर्ने अमेरिकी कङ्ग्रेस सदस्य एड

रोयस कम्बोडियालाई शंकास्पद राष्ट्रको सूचीबाट हटाउनु न्यायहीन पुरस्कार रहेको बताउँछन् ।

“मानव बेचबिचनका सम्बन्धमा अर्थपूर्ण प्रगतिका लागि कम्बोडियाले सरकारी भ्रष्टाचारको समस्यालाई पनि सम्बोधन गर्नुपर्दछ,” रोयसले इमेल प्रश्नको जवाफमा बताए । “वर्षको अन्त्यमा यो अझ खराब स्थितिमा पुग्नेछ ।”

अमेरिकी संसदको विदेश मामिला समितिका बरिष्ठ सदस्यको रूपमा रहेका रोयसले गतवर्ष पनि कम्बोडियाली भ्रष्टाचारका विरुद्धमा अमेरिकी संसदमा विधेयक प्रस्तावको प्रायोजन गरेका थिए ।

“गैसस र प्रत्यक्षदर्शीबाट धेरैवटा दृष्टान्तहरू सुनेपछि कम्बोडियाली सरकारको भ्रष्टाचारले बेचबिखनका सन्दर्भका अनुसन्धानलाई प्रायश: अवरुद्ध पार्ने गरेको देखिएको छ र यसबाट समस्यालाई ढाकछोप गर्न मद्दत पुगेको छ ।

अमेरिकी विदेश मन्त्रालयले झैं कम्बोडियालाई पुरस्कृत गर्नु मानव बेखबिखनलाई नियन्त्रण गर्ने प्रयासमा ठेस लाग्नु सरह हुनेछ,” रोयसले वक्तव्यमा उल्लेख गरेका छन् ।

अन्तर्राष्ट्रिय भ्रष्टाचार विरोधी वाचडग ग्लोबल विटनेसले कम्बोडियामा व्यापकस्तरको भ्रष्टाचार र सरकारी कोषको दुरूपयोग भइरहेको दोषारोपण गरेको छ र यसले विदेशी दातृ समुदायसमक्ष न्यायिक प्रणाली समेत कम्बोडियाले प्रतिज्ञा गरेका सुधार सम्बन्धी विषय पूरा गर्न माग गरेको छ ।

“सुधार गर्नुपर्ने जरुरी स्थान भनेकै न्यायिक प्रणाली र अदालती प्रक्रिया हो । यसले कहिलेकाँही आरोपित व्यक्तिका विरुद्धमा न्यायिक प्रणालीमा सहभागी हुनबाट पीडितलाई दुरुत्साहन गरिरहेको छ,” एपिएलईका सेइलाले बताए ।

आर्थिक समस्याका कारण पनि मानव बेचबिखनको समस्या निकट भविष्यमा अझ बढ्ने त्रास समेत फैलिएको छ किनभने आप्रवासी कामदारले रोजगारीका अवसर का निम्ति विदेश पलायन हुनुपर्ने अवस्था देखिएको छ ।

छिमेकी थाइल्याण्ड कम्बोडियाली आप्रवासीका निम्ति प्रमुख गन्तव्य मुलुक हो किनभने झण्डै १२४,००० आप्रवासीले वैधरूपमै त्यहाँ काम गर्न आवेदन गरेका छन् । तथापि, धेरै ठूलो संख्यामा दर्ता नभएका श्रमिकहरू हरेक वर्ष कामका निम्ति विदेश पलायन भइरहेका छन् ।

मुलुकभित्र रोजगारीको अवसर कम रहेको अवस्थामा बेचबिखनमा परेका आप्रवासी कामदारलाई बिचौलियाबाट लोभ्याइने गरिन्छ र उनीहरूलाई विदेशमा आकर्षक काम दिइने प्रतिज्ञा गरिन्छ । तर उनीहरूलाई माछा मार्नेजस्तो डरलाग्दो काम गर्न बाध्य पारिने गरिन्छ ।

“उनीहरूमध्ये अधिकांशले धेरै लामो समयसम्म दास श्रमिक अवस्थामा काम गर्नु पर्दछ,” कम्बोडियाली अधिकारवादी संस्थामा कानुनी सल्लाहकार रहेका म्यानफ्रेड हर्नडले बताए । भागेका आप्रवासीसँग लिइएको अन्तर्वार्तामा उनीहरूले निकृष्ट अवस्थामा काम गर्नु परेको बताएको उनले जनाएका छन् । त्यस्ता कामदारले दैनिक २२ घण्टा काम गर्नुपर्ने, पटकपटक कुटपिट गरिने र समुद्रमै हत्या गरिनेसम्मका कार्य हुने गरेको अन्तर्वार्ताका क्रममा आप्रवासी कामदारले बताएका थिए ।

आप्रवासी कामदारले उनीहरू कामबाट हटेपछि मात्र तलब पाउने अवस्था समेत रहेको छ, उनले भने, यसको समयसीमा महिनौं र वर्षौंसम्म हुनसक्छ । “मे महिनामा तीनवर्षपछि मेरा दुईजना साथी कामबाट घर फर्किए,” हर्नडले बताए । “उनीहरूमध्ये कसैले पनि तलब बुझ्न पाएनन् ।”

अनुमान अनुसार २५०,००० देखि ३००,००० सम्म युवा कम्बोडियाली रोजगारीको खोजीका क्रममा श्रम बजारमा प्रत्येक वर्ष प्रवेश गर्दछन् । कम्बोडियामा उनीहरूले रोजगारी नपाएमा आफैंलाई जोखिममा पारेर भए पनि विदेशको रोजगारीको खोजीमा धेरैजसो लाग्छन् । अमेरिकी विदेश मन्त्रालयले पनि यस चिन्ताजनक प्रवृत्तिलाई उजागर गरेको छ ।

“कामको निम्ति विदेशको आप्रवासमा जाने कम्बोडियालीमाझ श्रम बेचबिखन बढ्दो समस्या हो र आउँदा वर्षमा यहाँका सरकारी अधिकारीले पर्याप्त ध्यान दिनुपर्नेछ,” प्रतिवेदनमा भनिएको छ ।

# इजरायल प्यालेस्टिनीमाथि अझ कठोर बन्दैछ

– मेल फ्राइकबर्ग

रामल्लाह (**आई.पी.एस्./एन्.पी.आई.**) – "मेरा बुबा कहाँ हुनुहुन्छ ? उहाँ घर किन फर्कनु भएको छैन ? मलाई बुबा चाहियो," सात वर्षकी यासमिन गहभरि आँशु लिँदै भन्छिन् । उनी हरेक रात चिच्याउँदै पटकपटक ब्युझन्छिन् ।

"मैले उसलाई भेटेपछि मात्र मेरो जीवन आरम्भ भएको थियो । मैले उनीजस्तो मानिस फेरि पाउन सक्दिन," यासमिनकी आमा मोइरा जुलानी आईपीएसलाई बताउँछिन् । इजरायलीका निम्ति यो एउटा तथ्याङ्क हुनसक्ला तर एउटा प्यालेस्टिनी परिवार भताभुङ्ग भइसकेको छ ।

अमेरिकी नागरिक १७ वर्षीय हन्नाह, १५ वर्षीय मिराज र सात वर्षकी यासमिन टुहुरा भएका छन् । टेक्सासकी पूर्व बासिन्दा मोइराले जेरुसेलममा नयाँ जीवन आरम्भ गर्ने उद्देश्यका साथ श्रीमान्सँगै १७ वर्षअघि अमेरिका छाडेकी थिइन् तर उनले आफ्ना पति गुमाएकी छन् ।

दुई हप्ताअघि पूर्वी जेरुसेलम बस्ने ४१ वर्षीया जियाद जुलानीमाथि इजरायली विशेष फौजले नजिकैबाट टाउको र पेटमा धेरैपटक गोली प्रहार गरे । नराम्रोसँग घाइते भएका उनलाई एम्बुलेन्समा राखेर अस्पतालमा पुऱ्याए पनि त्यहाँ पुग्नासाथ उनको मृत्यु भएको थियो ।

इजरायली सेनाले जियादमाथि सडकमा हिँडिरहेका दुईजना सिपाहीमाथि जानीबुझी आक्रमण गर्न खोजेको आरोप लगाएको थियो । तथापि, प्रत्यक्षदर्शीले जुलानीको कारको अगाडिको शिशामा ढुङ्गाले लागेपछि दुर्घटनावश सडकमा हुत्तिएको बताएका छन् जसका कारण उनको कार प्रदर्शनमा उत्रिएका प्यालिस्टिनी युवा र इजरायली सेनाको बीचमा प्रवेश गरेको थियो ।

त्यसलगत्तै सामान्य घाइते भएका दुई सैनिक र उनीहरूका दुईजना अन्य साथीले जुलानीको कारमाथि गोली चलाएका थिए जसका कारण उनको काँधमा चोट लागेको थियो । घाइते जुलानीले केही परसम्म कार दौडाए र सुनसान ठाउँमा पुगे ।

जेरुसेलम सामाजिक तथा आर्थिक अधिकार केन्द्रले तयार पारेको कागजातका अनुसार जुलानी त्यसपछि कारबाट बाहिर निस्केका थिए । त्यसपछि पनि चारजना विशेष प्रहरीले धेरैपटक गोली प्रहार गरे र उनी भुईंमा ढलेपछि मात्र गोली हान्न छाडेका थिए । त्यसपछि एकजना प्रहरी त्यहाँ आए र नजिकबाटै गम्भीर घाइते उनीमाथि टाउकाको दुवैतर्फ गोली बर्साए ।

जुलानीलाई मद्दत गर्न कोसिस गर्ने प्रत्यक्षदर्शीलाई कुटपिट गरिएको थियो जसका कारण एकजनाले टाउकामा २० वटा टाँका लगाउनु परेको थियो । प्रहरी र सेनाले रबरले बेरिएका स्टिल बुलेटको प्रयोग गर्दा पाँचवर्षकी बालिका समेत अन्य व्यक्तिहरू घाइते भएका थिए । इजरायली अधिकारीले जियादले "आतङ्कवादी हमला" गर्ने प्रयत्न गरेको र "आपराधिक रेकर्ड" देखिएको दोषारोपण गरेको छ ।

"जियादलाई इजरायली सेनाले करिब एकमहिना पहिले कुटपिट गरेको थियो किनभने उनले जेरुसेलमस्थित अल-अक्स मस्जिदमा प्रार्थना गर्ने प्रयत्न गरेका थिए । उनलाई करिब दुईघण्टा थुनिएको थियो र त्यसपछि छाडियो, उनीमाथि कुनै आरोप दर्ता गरिएन । सायद तिनैमध्येका कुनै एक सिपाहीले मेरा श्रीमान्माथि प्रतिशोध लिएका थिए," जुलानीले आईपीएसलाई बताइन् ।

"उनी राजनीतिमा संलग्न थिएनन् र उनी कुनै पनि राजनीतिक समूहसँग पनि आबद्ध थिएनन् । उनी विभिन्न मुलुक घुमेका

शान्तिपूर्ण प्रकृतिका व्यक्ति थिए । सानोछँदा उनले स्वीट्जरल्याण्डबाट शिक्षा हासिल गरेका थिए र अमेरिकाबाट फर्मास्युटिकल विषय अध्ययन गरेका थिए । मारिएका दिन उनी अल-अक्स मस्जिद गएका थिए र त्यही दिन परिवारका साथ मृतसागर जाने योजना बनाएका थिए ।"

अधिनस्थ पूर्वी जेरुसेलम क्रोध र प्रतिशोधको अग्नीकुण्ड जस्तै भएको छ किनभने इजरायलको यस पूर्वी भागमा प्यालेस्टिनीका घरहरू व्यापक रूपमा भत्काइएका छन् । यहाँ प्यालेस्टिनी परिवारलाई गैरकानुनी बसोबास गरेको भन्दै सडकमा मिल्काइन्छ । तनाव बढेको अवस्थामा धेरै प्यालेस्टिनीमाथि पश्चिम जेरुसेलममा सवारीसाधन र बुल्डोजर लगाएर हत्या गर्ने र घाइते बनाइने गरिन्छ ।

यी घटनाक्रममा बिना चेतावनी नजिकबाट इजरायली सुरक्षाकर्मीले गोली प्रहार गरी निहत्था प्यालेस्टिनीको ज्यान लिइरहेका छन् । वर्षको प्रारम्भमा सैनिक सेवामा रहेको अवस्थामा गोप्यरूपमा इजरायली प्रतिरक्षा बलका कागजातको छायाप्रति बनाएको आरोपमा पक्राउ गरिएकी इजरायली पत्रकार अनात कामलाई छाड्न सञ्चारमाध्यमले आफ्ना कामहरू रोकेका थिए ।

ती दस्तावेजले इजरायली फौजले पक्राउ गर्नुको सट्टा कसरी निहत्था प्यालेस्टिनी अधिकारकर्मीमाथि आक्रमण गरिरहेको छ भनेर प्रस्तुत गरेको थियो । उक्त कार्य इजरायली उच्च अदालतले दिएको आदेश विपरीतको कार्य हो । काममाथि देशद्रोह गरेको आरोप लगाइएको छ ।

पश्चिम किनाराका युवा प्यालेस्टिनीको अध्ययन गर्दा उनीहरू इजरायली सेना र प्रहरीले पछाडि र टाउकोमा गोली प्रहार गर्दा भएको आईपीएसको अध्ययनले देखाएको छ । प्रतिरक्षा बलले प्रारम्भमा गैरघातक गोलीगठ्ठा प्रयोग गरेको बताएका थिए र आक्रमणपश्चात् आत्मरक्षाका निम्ति भन्ने गरिएको छ । प्रतिरक्षा बलले गरेको अनुसन्धानले सिधा गोली हान्ने गरिएको र केही अवस्थामा सेनाले अत्यधिक बल प्रयोग गरेको देखिएको छ ।

केही हप्ता अघि गाजामा सहायता पुऱ्याउन गएको माभी मारमारामा आक्रमण गर्दा मारिएका नौजना अधिकारकर्मीको शव परीक्षण गर्दा नजिकबाट धेरैपटक गोली प्रहार गरिएको र यो इजरायलको "निश्चित हत्या" नीतिसँग मेल खाने रहेको छ । प्यालेस्टिनी मारिएको सन्दर्भमा इजरायली सुरक्षाबल दण्डहीनताका निम्ति कुख्यात छ ।

"हामीले मेरा श्रीमान्को हत्याको स्वतन्त्र छानविनका निम्ति आग्रह गरिरहेका छौं । इजरायली सेनाले मात्र छानविन गरोस् भन्ने चाहना हाम्रो छैन," जुलानी भन्छिन् । जियादमाथि गोली चलाएयता इजरायली सुरक्षा अधिकारीले हत्या भएको अवस्थामा छायाङ्कन गर्नेलाई पक्राउ गरेको र उनीहरूको रेकर्डिङ उपकरण हत्याएको छ । सडकमा राखिएको क्यामरामा कैद भएका चित्रहरू तुरुन्त राख्न सकिनेछ ।

नेपाल प्रेस इन्स्टिच्यूटद्वारा प्रकाशित/सम्पादकः चिरञ्जीवी खनाल/ठेगानाः हुलाक मञ्जूषाः ४१२८, थापाथली, काठमाडौँ,
फोन नं. ४-२६४१५५, ४-२६६४१८ फ्याक्स नं. २६४१५४, ई-मेलः npiktm@wlink.com.np

बाट : नेपाल प्रेस इन्स्टिच्यूट
थापाथली-७०७ प्रशुतिगृह मार्ग
पोष्ट बक्स नं. ४१२८, काठमाडौँ, नेपाल
फोन नं. ४-२६४१५५, ४-२६६४१८
फ्याक्स नं. २६४१५४

लाई : ____________________